# सेती फाइनान्स लिमिटेड
# Seti Finance Limited

*(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजत प्राप्त वित्तीय संस्था)*

**(कैलाली जिल्ला कार्यक्षेत्र भएको)**

टिकापुर, कैलाली, नेपाल, फोन नं. : ०९१-५६०९५०, ५६१२५६ फ्याक्स नं. : ०९१-५६१२५६
इमेलः info@setifinance.com.np, वेवसाइटः www.setifinance.com.np

को

## शिलबन्दी बोलपत्रद्वारा शेयर बिक्री गर्नेबारे सूचना

**शिलबन्दी बोलपत्र पेशगर्ने शुरु मिति : २०७३/१२/११ गते**

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७३/१२/१७ गते**

सेती फाइनान्स लिमिटेडको हकप्रद शेयरहरु २०७३/८/१ देखि २०७३/९/५ गतेसम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा संस्थापक शेयरको लागि पूर्ण रुपमा आवेदन नपरेकोले नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशिका, २०७३ को निर्देशन तथा धितोपत्र निष्काशन निर्देशिका, २०६५ को दफा ७ को उपदफा (८) समेतको प्रावधानलाई आधार मानी उक्त शेयरहरु बोलकबोल बढाबढ गरी बिक्री गर्दा सो मध्ये १,८०,०३५.८६ कित्ता शेयरको लागि साविकका संस्थापक शेयरधनीहरुबाट दरखास्त प्राप्त हुन नआएको हुंदा वित्तीय संस्थाको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न इच्छुक जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०७३ साल चैत्र १७ गतेभित्र** सेती फाइनान्स लिमिटेड, टिकापुर, कैलाली वा बिक्री प्रवन्धक एनआईविएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ।

**तपसिल**

**बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरणः**

**संस्थापक शेयर : १,८०,०३५.८६ कित्ता**

**शर्तहरुः**

१. बोलपत्र आवेदन फाराम रु.१००/- भुक्तानी गरी सेती फाइनान्स लिमिटेड, टिकापुर, कैलाली वा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र आवेदन फाराममा आफुले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ। अंक र अक्षरले लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ।
३. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१००/- तोकिएको हुँदा सो वा सोभन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नु पर्नेछ।
४. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ। दशमलवमा (खण्डित रुपमा) आउने गरि शेयर आवेदन गर्न पाइने छैन।
५. शिलबन्दी खाम बाहिर "**सेती फाइनान्स लिमिटेडको संस्थापक शेयर खरीद आवेदन**"" उल्लेख भएको हुनु पर्नेछ। शिल्ड बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ।
६. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा सिद्धार्थ बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौमा रहेको खाता नं.**००११५१७४१३०** मा नगदै जम्मा गरी सो को सक्कल भौचर संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ।
७. सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँट गरिनेछ। शेयर बाँडफाँट गर्दा सबैभन्दा बढी बोलकबोल गर्ने क्रमहरु मध्येको कम बोलकबोल गरि बाँडफाँटमा पर्ने आवेदकलाई खण्डित रुपमा बाँकी रहेको शेयर समेत बाँडफाँट गरि समायोजन गरिनेछ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ। यस प्रकृयाबाट संस्थापक शेयर बाँडफाँटमा परेकाहरु वित्तीय संस्थाको संस्थापक समूहमा नै रहनेछन्। बाँडफाँटमा छनौट भएका शेयरधनीहरुबाट लगानी भएको रकमको वैद्यानिक श्रोतको कागजात वित्तीय संस्थाले माग गर्दा तुरुन्त उपलब्ध गराउनु पर्नेछ।
८. बोलपत्रवालाले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. (Demat Account no.) आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ।
९. बोलपत्रवालाले एक भन्दा बढी बोलपत्र पेश गर्न पाइने छैन। बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन।
१०. शिलबन्दी बोलपत्र मिति २०७३/१२/१७ गते कार्यालय समयभित्र सेती फाइनान्स लिमिटेड, टिकापुर, कैलाली वा बिक्री प्रवन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा दर्ता भई सक्नु पर्नेछ।
११. बोलपत्र मिति २०७३/१२/२० गते अपरान्ह ४:०० बजे एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा बोलपत्रवाला वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ। बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिनको अपरान्ह ४:०० बजे खोलिनेछ।
१२. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन।
१३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संस्था, कम्पनी हुनु पर्नेछ। आवेदक व्यक्ती भएमा १ प्रति फोटो सहित आवेदकले प्रमाणित गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि तथा अख्तियारनामा समेत पेश गर्नु पर्नेछ।
१४. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुको धरौटी वापत जम्मा गरिएको रकम बोलपत्र खोली शेयर बाँडफाँट भएको दिनको सातौं दिनदेखि एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौबाट एकाउन्टपेयी चेक मार्फत फिर्ता भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै किसिमको व्याज प्रदान नगरिने व्यहोरा पनि जानकारी गराइन्छ।
१५. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौको सूचना पाटी तथा वेबसाइटः www.niblcapital.com मा हेर्न सक्नु हुनेछ।

**बिक्री प्रबन्धकः**

**NIBL CAPITAL**
**एनआईबिएल क्यापिटल मार्केट्स लि.**
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com